आज मिति २०७४।०४।०२ गते दिनको १:०० बजे भद्रपुर नगरकार्यपालिकाको कार्यालयको सभाकक्षमा नगर प्रमुख श्री जीवनकुमार श्रेष्ठज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा रहि भद्रपुर नगरकार्यपालिकाको पहिलो बोर्ड बैठक बसी तपसिलको निर्णयहरु पारित गरियो।

उपस्थिति

- श्री जीवन कुमार श्रेष्ठ, नगर प्रमुख
- श्री चन्द्रमाया श्रेष्ठ, उपप्रमुख
- श्री दशरथ प्रधान, सदस्य
- श्री भिमबहादुर सुब्बा, ''
- श्री कमला थुलुङ, ''
- श्री हंशधर राजवंशी, ''
- श्री बन्धु कार्की, ''
- श्री प्रेम बहादुर बस्नेत, ''
- श्री विनोद प्रसाद पोखरेल ''
- श्री गौरब सुब्बा ''
- श्री शनिलाल राजवंशी ''
- श्री टेकबहादुर खड्का (कार्की) ''
- श्री कौशल्या अधिकारी ''
- श्री ममता लिम्बु ''
- श्री जानुका वि.क. ''
- श्री विभा पासवान ''
- श्री मिना भट्टराई ''
- श्री धनश्याम लकान्द्री ''
- श्री मुना खवास ''
- श्री भक्त बहादुर भुजेल ''
- श्री काजीमान राई

आमन्त्रित

- श्री योगेन्द्र रंजितकार
- श्री सुधा रंजितकार
- श्री सुभाष भट्टराई
- श्री मन कुमार डाँगी
- श्री लक्ष्मी कर्ण

निर्णय नं. १

भद्रपुर नगरपालिकामा सम्पन्न भएको स्थानीय तह निर्वाचन २०७४ मा सक्रिय रुपमा सहभागी भई निर्वाचन गराउनु हुने मतदाताहरु, राजनितिक दल, विभिन्न

Scanned by CamScanner

सँघसंस्थाहरु, सुरक्षाकर्मी, कर्मचारीहरु र सम्पूर्ण नगरवासीहरुलाई हार्दिक धन्यवाद दिने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. २

नेपाल सरकार संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय मार्फत स्थानी तहलाई आवश्यक पर्ने भनी प्राप्त भएको देहायका कानुन तथा कार्यविधि लाई आगामी नगरसभाबाट अनुमोदन हुने गरी पारित गर्ने गरी सर्वसम्मत निर्णय गरियो।

(क) भक्तपुर नगरकार्यपालिकाको (कार्यविभाजन) नियमावली २०७४

(ख) भक्तपुर नगरकार्यपालिकाको (कार्यसम्पादन) नियमावली २०७४

(ग) भक्तपुर नगरकार्यपालिकाको बैठक सञ्चालन कार्यविधि, २०७४

(घ) भक्तपुर नगरपालिका नगरसभा सञ्चालन कार्यविधि २०७४

(ङ) भक्तपुर नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४

निर्णय नं. ३

भक्तपुर नगर कार्यपालिकाको नवनिर्वाचित मेयर, उपमेयर तथा अन्य निर्वाचित सदस्यहरुलाई पदभार ग्रहणका बखत प्रशासनिक टिप्पणीमार्फत स्वीकृत भएको निर्णयलाई सर्वसम्मत ~~निर्णय~~ अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ४

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७४।२।२८ गतेको पत्रबाट प्राप्त भएको जानकारी अनुसार यस नगरपालिकामा निर्वाचित सम्पूर्ण जनप्रतिनिधिहरुले निर्वाचित भएको मितिले ६० दिन भित्रमा सम्पत्ति विवरण भरी स्थानीय तहमा दर्ता गरी सुरक्षित राख्ने व्यवस्था भए अनुसार उक्त अवधिभित्र नगरसभाको सम्पूर्ण सदस्यज्यूहरुले आ-आफ्नो सम्पत्ति विवरण पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ५

स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४को दफा नं. ३१मा व्यवस्था भए अनुसार उपप्रमुखज्यूको संयोजकत्वमा गठन हुने राजश्व परामर्श समितिमा देहायको प्रतिनिधिहरु रहने सर्वसम्मत निर्णय गरियो

| | | |
|---|---|---|
| (क) | श्री चन्द्रमाया श्रेष्ठ | संयोजक (उपप्रमुख) |
| (ख) | श्री काजीमान राई | सदस्य (का.का.भ.) |
| (ग) | श्री प्रेम बहादुर बस्वाल | सदस्य (न.का.पा.स.) |
| (घ) | श्री कमला थुलुङ्, | सदस्य (न.का.पा.स.) |
| (ङ) | | सदस्य (उद्योग वाणिज्य संघको प्रमुख वा प्रतिनिधि) |
| (च) | श्री शुशील कर्ण | सदस्य सचिव (न.का.पा.को राजश्व शाखा प्रमुख) |

निर्णय नं. ६
स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा नं. २.२ मा व्यवस्था भए अनुसार नगरप्रमुखज्यूको संयोजकत्वमा गठन हुने स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिमा देहाय बमोजिमको प्रतिनिधिहरुको रहने सर्वसम्मत निर्णय गरियो।

(क) नगर कार्यपालिका प्रमुख श्री जीवन कुमार श्रेष्ठ, संयोजक
(ख) " " उपप्रमुख श्री चन्द्रमाया श्रेष्ठ, सदस्य
(ग) " " का.का.अ. श्री कजीमान राई, सदस्य
(घ) " " सदस्य श्री चित्रा पासवान, सदस्य
(ङ) " " " श्री जानुका वि.क., सदस्य
(च) " " " श्री मुना खवास, सदस्य
(छ) " " योजना शाखा प्रमुख श्री योगेन्द्र रंजितकार, सदस्य सचिव

निर्णय नं. ७
भद्रपुर नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली २०७४ को नियम ४२ मा व्यवस्था भए अनुसार नगरकार्यपालिकामा निर्णयको लागी पेश भएको प्रस्तावमा निर्णय गर्नुपूर्व आवश्यकता अनुसार राय सल्लाह र सुझाव लिनका लागि देहाय बमोजिमका समितिहरुमा निम्नानुसारको सदस्यहरुलाई मनोनयन गर्ने सर्वसम्मत निर्णय गरियो

तपशील:
(क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति : श्री टेकब. खड्का (काजी) संयोजक
(ख) आर्थिक विकास समिति : श्री विनोद प्रसाद पोखरेल, संयोजक
(ग) सामाजिक विकास समिति : श्री मित्रा भट्टराई, संयोजक
(घ) पूर्वाधार विकास समिति : श्री घनश्याम लकान्द्री, संयोजक
(ङ) वातावरण तथा विपद् व्यवस्थापन समिति : श्री बन्धु कार्की, संयोजक
(च) विधेयक समिति : श्री ईश्वर राजवंशी, संयोजक
साथै सदस्यहरुको हकमा नगरप्रमुखले संयोजकहरुसँग परामर्श लिई मनोनयन गर्ने निर्णय गरियो।

निर्णय नं. ८
स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा २.३ मा व्यवस्था भए अनुसार नगर उपप्रमुखज्यूको संयोजकत्वमा गठन हुने बजेट तथा कार्यक्रम तर्जुमा समितिमा देहायका सदस्यहरु रहने गरी बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपशील
(क) नगर उपप्रमुख श्री चन्द्रमाया श्रेष्ठ
(ख) सार्वजनिक सेवा तथा क्षमता विकास समितिका संयोजक श्री टेकब. खड्का (काजी)

Scanned by CamScanner

(ग) आर्थिक विकास समितिका संयोजक: श्री विनोद प्रसाद पोखरेल
(घ) सामाजिक विकास समितिका संयोजक : श्री मित्रा भट्टराई
(ङ) पूर्वाधार विकास समितिका संयोजक : श्री घनश्याम लकान्द्री
(च) वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक : श्री बन्धु कार्की
(छ) विधेयक समितिका संयोजक : श्री हंसाधर राजवंशी
(ज) नगर कार्यपालिकाका कार्यकारी अधिकृत : श्री काजीमान राई

निर्णय नं. ९

भद्रपुर नगरपालिकाका विभिन्न वडाहरुमा हालसम्म पनि केन्द्र निर्धारण हुन नसकेको साथै केहि वडाहरु बाहेक अन्य वडाहरुमा कुनै संरचना समेत नभएका कारण वडा कार्यालय स्थापना स्वम् संचालन हुन नसकेको र सो वडा केन्द्रमा आवश्यक पर्ने जनशक्ति व्यवस्थापन समेत हुन नसकेको कारण वडा कार्यालय मार्फत सेवा प्रवाह हुन नसकेको हुँदा वडा कार्यालयलाई आवश्यक पर्ने कम्तीमा ०-५-० (पाँच कठ्ठा) जग्गा निशुल्क रुपमा प्राप्त गर्नका लागि सम्बन्धित वडा कार्यालय मार्फत वडावासीहरुमा अनुरोध गर्ने वडा कार्यालयको स्थायी संरचना निर्माण नहुन्जेलसम्मका लागि पायक पर्ने स्थानमा घरभाडा लिई उक्त स्थानबाट वडा कार्यालय संचालनको व्यवस्था मिलाउने र आवश्यक कर्मचारी व्यवस्थापनका लागि जिल्ला कर्मचारी व्यवस्थापन समितिमा अनुरोध गर्ने साथै पायक पर्ने स्थानमा कुनै पनि विषयगत कार्यालय, सार्वजनिक वा सामुदायिक भवनहरु प्राप्त हुन सक्ने अवस्था भएमा सो स्थानमा वडा वडा कार्यालयहरु राख्न प्राथमिकता दिने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. १०

भद्रपुर नगरपालिका वडा नं. ५ स्थित मेची नदीमा तरघाट डोरीकर (डुङ्गा) संचालन गर्नका लागि चालु आ.व. देखि जिल्ला समन्वय समिति मार्फत यस कार्यालयलाई अनुरोध भए बमोजिम भद्रपुर नगरपालिका वडा नं. ५ बस्ने लक्ष्मीसिंह राजपुतसँग (श्रावण र भदौ) २ महिनाका लागि रु १२,०००/- (बाह्र हजार) मा सम्झौता गरी सञ्चालन गर्न कार्यादेश दिने निर्णय गरियो।

निर्णय नं. ११

नेपाल सरकारको बजेट वक्तव्य मार्फत यस नगरपालिका क्षेत्रमा आ.व. २०६३।०६४ बाट चार वर्षका लागि शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय इलाममार्फत संचालित सघन शहरी विकास कार्यक्रमको अख्तियारी यस आ.व. देखि यसै नगरपालिकामार्फत संचालन गर्ने गरी बजेट तथा अख्तियारी माग गर्न सम्बन्धित निकायमा पहल गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. १२

चालु आ.व. २०७४।०७५ श्रावण ४ गतेबाट बजेट खर्च गर्नका लागि हाल नगरसभाबाट राजस्व तथा व्ययको अनुमान पारित भइनसकेकोकारण आगामी नगरसभाबाट पुरक बजेट पारित गर्ने गरी हाल गत नगरपरिषद्‌बाट पारित भएका निर्णयहरु मध्ये प्रशासनिक

Scanned by CamScanner

कार्य संचालन गर्नका लागी ~~खर्च गर्ने गरी कार्यालयलाई~~ विनियोजित बजेट शिर्षकबाट उक्त परिषद्ले निर्णय गरेअनुसार प्रशासनिक खर्च कार्यालय संचालन गर्नका लागी मात्र खर्च गर्ने गरी कार्यालयलाई अधिकार प्रदान गर्ने र आगामी नगर सभाबाट राजश्वको अनुमानित विवरण पेश नभएसम्मका लागि साविक परिषद्बाट निर्णय भएअनुसार नै हुने गरी आन्तरिक तथा बाह्य राजश्व संकलन गर्नका लागी कार्यालयलाई अधिकार प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो। साथै वर्षायाममा परेको पानीले भत्किएका सडकहरुको खाल्डाखुल्डी तत्काल मर्मत गरी सवारी आवगमनमा सहज पुर्याउनका लागि मर्मत सम्भार कोषबाट खर्च गर्ने गरी कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

निर्णय नं. १३

विभिन्न समयमा आएको विनासकारी भुकम्पका कारण ठुलो धनजको क्षति हुने देखिएकाले यस नगरपालिका क्षेत्रमा बन्ने घरहरु भुकम्प प्रविधिमैत्री बनाउनु पर्ने भएकोले त्यस्ता प्रविधियुक्त घरहरु निर्माण गर्नका लागि यस आ.व. देखि प्रत्येक वर्ष दश कालिगढ उत्पादन गर्नका लागि कालिगढ तालिम प्रदान गर्ने साथै नेपाल सरकारबाट स्वीकृत बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत निर्माण मापदण्ड २०७२ लाई कडाइका साथ लागु गर्ने तथा यस नगरपालिका क्षेत्रभित्र निर्माण हुने नयाँ संरचनाहरु अनिवार्य रुपमा क्यूपेक नेपाल नगर समितिसंग सहकार्य गरी तोकिएको मापदण्ड पूरा गरेर मात्र निर्माण गर्नु पर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. १४

न्यायिक समिति गठन सम्वन्धमा छलफल गर्दा नेपालको संविधान २०७२ को धारा २४८ उपधारा (२) अनुसार नगर उपप्रमुखज्यूको अध्यक्षतामा गठन हुने ३ सदस्यीय समितिमा देहाय बमोजिमका सदस्यहरु रहने गरी न्यायिक समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

(क) नगरउपप्रमुख श्री चन्द्रमाया श्रेष्ठ , संयोजक

निर्णय नं. १५

नगरपालिकाको क्षेत्र विस्तार भई जनसंख्या पनि थपिएको हुनाले नगरक्षेत्रमा उत्सर्जन हुने फोहोरमैलालाई समयमा नै संकलन गरी सफानगर कायम राख्नका लागी कार्यालयलाई आवश्यक पर्ने फोहोरमैला संकलनका लागी प्रत्येक दुई वडा वडाको लागी १ (एक) ट्याक्टर आवश्यक भएकोले नपुग ट्याक्टर खरिद प्रक्रिया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो।

Scanned by CamScanner

निर्णय नं. १६

जिल्ला अपाङ्ग संघको सहकार्यमा चालू आ.व. देखि अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र नेपाल सरकारको मापदण्डको सिमा र निर्देशिकाको सिमा भित्र रहेर वडा कार्यालय मार्फत व्यक्तिको घरमा गई वितरण गर्ने निर्णय गरियो।

निर्णय नं. १७

साविक पृथ्वीनगर गा.वि.स. तथा हालको भद्रपुर नगरकार्यपालिका नं. १,२ र ३ को केही भागमा चालू आ.व. देखि लागू हुने गरी एकिकृत सम्पत्तिकर कार्यान्वयन प्रयोजनार्थ सम्वन्धित वडामा वडाअध्यक्षको संयोजकत्वमा बैठक बसी निर्धारण गरी कार्यालयमा पेश गरेको करका दरहरुलाई स्वीकृत गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. १८

हाल कार्यालयमा रहेको सवारी साधन समयसमयमा मर्मत गरिरहनु पर्ने भएकोले हुनाले नगर प्रमुख र उपप्रमुखका लागी मन्त्रालयसँग आवश्यक सवारी साधन माग गर्ने र प्राप्त नभए सम्मका लागि उपप्रमुखको सवारी साधन व्यवस्थापनका लागी मर्मत तथा मासिक रुपमा ५० (पचाँस) लिटर ईन्धन (पेट्रोल) उपलब्ध गराउने तथा वडाअध्यक्षहरुलाई मासिक रुपमा १५ (पन्ध्र) लिटर इन्धन (पेट्रोल) र थप मनोनित ८ जना कार्यपालिका सदस्यहरुलाई ७ (सात) लिटर ईन्धन (पेट्रोल) उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. १९

नगरपालिकाको प्रतिक्षा कक्षमा महिला, अपाङ्ग, जेष्ठ नागरिक असाहयलाई सेवा लिन आउने सेवाग्राहीलाई आवश्यक निवेदन, सरसल्लाह र शाखाको काममा सम्वन्धित विषयको जानकारी दिन प्रत्येक दिन नगरकार्यपालिकामा तथा वडा कार्यालयहरुमा सामाजिक परिचालकलाई १ (एक) जनालाई खटाई सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. २०

भद्रपुर नगरपालिका वडा नं. ८ स्थित झापा अतिथि गृह जाने बाटोमा संचालित रहेको पार्किङ्ग शुल्क भद्रपुर वडा नं. ८ बस्ने अम्बिका कार्कीको निवेदन अनुसार कबोल अङ्क ३०५०००।- (तीनलाख पाँच हजार) मा ठेक्का स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. २१

लैंगिक हिंसा न्यूनिकरण गर्ने सम्बन्धमा छलफल गर्दा मद्यपान, धुम्रपान अव्यवस्थित रुपमा विक्रीवितरण तथा प्रयोग भईरहेको र जुवातास समेतको प्रयोगले हाम्रो नगरमा दिनप्रतिदिन हिंसाको घटनाहरु बढ्दो रुपमा भई रहेको सूचना प्राप्त भएको हुँदा सो कुराको न्यूनिकरण गर्न र मद्यपान, धुम्रपान, जुवातास आदिको विक्रीवितरण प्रयोगलाई व्यवस्थित गर्ने सन्देशमूलक सूचनाको सम्प्रेशण गर्नको

Scanned by CamScanner

निम्ती भद्रपुर स्थित नागरिक एफ.एम. लाई दिने सर्वसम्मत निर्णय गरियो । साथै नगरकार्यपालिका कार्यालय परिसर भित्र धुम्रपान, सूर्ति तथा मद्यपान नगर्ने निर्णय गर्दै सो सम्बन्धी बोर्ड बनाई टाँस गर्ने निर्णय गरियो ।

निर्णय नं. २२

यस नगरपालिकाका विभिन्न क्षेत्रमा हात्तीले व्यापक धनजनको क्षति गर्ने गरेको हुँदा हात्तीको आतंकलाई न्यूनिकरण गर्न सम्बन्धित निकायहरुसँग सहयोग एवं सहकार्य गरी व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. २३

भद्रपुर नगरपालिकाका नगरवासीहरुलाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउने मेची अंचल अस्पतालमा फिजियोथेरापी सेवाका लागि यूनिट संचालन गर्न अति आवश्यक भएको र मेची अंचल अस्पतालले च.नं. १३७४ मिति २०७४।३।२९ गते प्रेषित पत्रमा एकजना फिजियोथेरापि टेक्निसियन र मेशीनरी सामान माग गरेको सम्बन्धमा छलफल हुँदा उक्त सेवा अति आवश्यक भएता पनि नगरपालिकाको बजेटलाई मध्येनजर गर्दै हाललाई उक्त सेवा संचालन गर्न नगरकार्यपालिकाबाट मेशीनरी सामान मात्र उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।